# काफ्ले समाज, केन्द्रीय कार्यसमिति निर्वाचन, २०७८

## निर्वाचन समितिको कार्यालय

(भङ्गाल, काठमाडौं, मुकामः गोपिकृष्णनगर, चावहिल काठमाडौ )

## निर्वाचन सम्वन्धी सूचना

काफ्ले समाजको मिति २०७८/०७/०१ को बैठकको निर्णयानुसार प्राप्तपत्रले विधान बमोजिमका सबै पदकालागि मिति २०७८/०९/०३ मा हुने निर्वाचन प्रयोजनकालागि गठित निर्वाचन समितिको मिति २०७८।०८।२३ मा बसेको बैठकको निर्णय बमोजिम निर्वाचन सम्बन्धी स्थापित मान्यप्रचलन, ऐन, नियम र संस्थाको विधान, २०५९ (संशोधनः २०७५) समेत बमोजिम निर्वाचनसम्बन्धी कार्यक्रम र सो सँग सम्बन्धित कुराहरू निम्नानुसार तयगरी सम्बन्धित सबैको जानकारीको लागि समाजको विधानको दफा ३९ र ३९ (३) (ग) का अधीनमारही निम्नानुसार निर्णय गरिएको व्यहोरा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | कार्यक्रम | मिति | समय | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| १. | मतदाता नामावली प्रकाशन (के.का., भङ्गाल, काठमाडौं) र म्यासेन्जरपेजमा | २०७६/०८/२७ गते | ५ बजे | |
| २. | मतदाता नामावली उपर दावी, विरोध | २०७८/०८/ २७ गते | | १२ बजे |
| ३. | छानविन तथा अन्तिम मतदाता नामावली प्रकाशन | २०७८/०८/२८ गते | | ५ बजे |
| ४. | उम्मेदवारी फाराम वितरण (म्यासेन्जर पेजमा समेत राखिने) | २०७८/०८/२८ गते | ५ बजे | |
| ५. | उम्मेदवारीपत्र दर्ता | २०७८/०८/२९ गते ११ बजे देखि | | पुस १ गते १२ बजेसम्म |
| ६. | उम्मेदवारी पहिलो नामावली प्रकाशन | २०७८/०९/१ गते | | ११ बजे |
| ७ | उम्मेदवारी उपर विरोध | २०७८/०९/१ गते | | १२ बजे |
| ८. | विरोध उपर छानविन तथा निर्णय र पुनः पकाशन | २०७८/०९/१ गते | ३ बजे | |
| ९. | उम्मेदवारी फिर्ता | २०७८/०९/१ गते | | ४. ३० बजे |
| १०. | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | २०७८/०९/१ गते | | ५.०० बजे |
| ११. | मतदान तयारी/उम्मेदवारको परिचय | २०७८/०९/३ गते | २.३० बजे | |
| १२. | मतदान | २०७८/०९/३ गते | ३ बजे | ४ । ३० बजे |
| १३ | मतगणना | मतदान सकिएपछि | | |

| | | | | |
|---|---|---|---|---|
| १३ | निर्वाचन परिणाम घोषणा, प्रमाणपत्र र सपथ | मतगणना सकिएपछि वा निर्विरोधभए घोषणापछि | | |

पुनश्चः

- उम्मेदवारको योग्यताः काफ्ले समाजको विधान, २०५९ (संशोधनः२०७५ सहित) को दफा ३९(४) बमोजिम हुनेछ ।
- विधानको दफा १९(१) बमोजिम केन्द्रीय कार्य समितिमा अध्यक्ष -१, वरिष्ठ उपाध्यक्ष -१, उपाध्यक्ष-७, महिला उपाध्यक्ष-१, महासिचिव-१, सचिव-१, कोषाध्यक्ष-१, सहकोषाध्यक्ष-१ र ११ जना सदस्य (जम्मा २५ जना) को निर्वाचन हुनेछ ।
- उम्मेदवारी फाराम वितरण काठमाडौं उपत्यकामा के.का. बाट र उपत्यका बाहिरका लागि इमेलबाट फाराम उपलव्ध हुनेछ । gunarajkafle@yahoo.com मा इमेल गरी फाराम मगाउन वा समाजको मेसेन्जर पेजबाट प्राप्तगर्न सकिनेछ ।
- उपत्यका बाहिरका मतदाताको सहजताका लागि जिल्ला र प्रदेशबाट मनोनयन गरी पत्रसाथ निर्वाचन समितिमा प्राप्त नामावलीलाई नै दाविबिरोध सहितको अन्तिम मतदाता नामावली मानिने छ ।
- विधानले तोकेको भन्दा बढी सङ्ख्यामा मनोनयन प्राप्त भएमा क्रमशः पछिल्लोक्रमबाट मतदाताको नाम कटाइनेछ ।
- मतदान- नवदुर्गा पार्टी भेन्यु, धुम्बाराही, काठमाडौंमा हुनेछ ।
- सर्वसम्मत भएमा बाहेक मतदानकार्य समाप्त भएपछि मतगणना गरिने छ ।
- निर्वाचन परिणामको घोषणाः मतगणना भएपछि वा सर्वसम्मत भएको जानकारी साधारणसभाबाट प्राप्त भएपछि गरिनेछ ।
- निर्वाचनमा सहभागीहुन अनिवार्यरुपमा सदस्यता नवीकरण गराई प्राप्तपरिचयपत्र (नागरिकता वा सवारी चालक अनुमतिपत्र) लिइआउनु पर्नेछ ।
- काफ्ले समाज, के.का.स. को बैठकको निर्णयानुसार उम्मेदवारी शुल्कः अध्यक्ष- रू. १०,०००|००, वरिष्ठ उपाध्यक्ष- रू. ८,०००|००, उपाध्यक्ष- रू. ६,०००|००, महासचिव- रू. ५,०००|००, , सचिव र कोषाध्यक्ष- रू. ४,०००|००,, सहकोषाध्यक्ष- रू. ३,०००|०० र सदस्य - रू. १,५,००|०० र उम्मेदवारी फाराम शुल्क रु. १००|०० निर्धारण भएको छ ।
- सो शुल्क निर्वाचन समितिको कार्यालयमा नगदै दाखिला गरी वा काफ्ले समाज, केन्द्रीय समितिको रा.वा. व्याङ्क, नयाँ बानेश्वर शाखामा रहेको च.हि.नं. १४२०१००००४०६६००१ मा जम्मा गर्न सकिने छ। उमेदवारले निर्वाचन समितिको कार्यालयमा स्वयं उपस्थित भई उमेदवारी दर्ता गराउन वा नगद दाखिला प्रमाण र उमेदवारी फारम स्क्यान गरी उम्मेदवारी फाराम निर्वाचन समितिले प्रयोग गरेको gunarajkafle@yahoo.com मा इमेल पठाई दर्ताको सुनिश्चितता गर्नुपर्ने छ । इमेल प्राप्त भएको मिति र समयलाई मान्यता दिइने छ । निर्वाचन समितिका सयोजकलाई सम्पर्कगरि अन्य सहज विद्युतीय माध्यम प्रयोग गरि पनि रकम पठाउन र प्राप्तगर्न सकिने छ ।
- उपाध्यक्ष पदमा उमेदवारी दिने ब्यक्तिले विधानको दफा ३९(४ङ) स्थानीय बसोबासको आधारमा मात्र उमदेवारी दिन सकिने छ।
- शुल्क, दस्तूर वापतको रकम निर्वाचन समितिले निर्वाचनमा गर्ने खर्चकटाई बाँकीरहेको रकम अभिलेखसहित नयाँ कार्समितिलाई हस्तान्तरण गर्नेछ ।
- निर्वाचन सम्बन्धी कुनै विवाद भएमा निर्वाचन समितिको निर्णय अन्तिम हुनेछ ।

..........................

मिति: २०७८|०८|२३ **(संयोजक कोमलप्रसाद काफ्ले)** फोन ९८४१०२२७३१